अंक ३, २०६५ पुस

# सेबोन न्यूजलेटर

सचेततापूर्वक धितोपत्रमा लगानी गरी आर्थिक विकासमा सहभागी बनौं ।

■ पुँजीगत लाभकर गणनामा नयाँ व्यवस्था **पृष्ठ-२** ■ धितोपत्रको दोस्रो बजार **पृष्ठ-३** ■ धितोपत्र निष्काशन **पृष्ठ-६**



## अध्यक्षको मन्तव्य

डा. शूरवीर पौड्याल

पुंजी बजारको नियमक निकायको रुपमा नेपाल धितोपत्र बोर्डले आफ्नो सुपरिवेक्षण तथा अनुगमन गतिविधिहरुमा वृद्वि ल्याएको छ । यसैक्रममा बोर्डले धितोपत्र बजारको प्राथमिक तथा दोस्रो बजारका समसामयिक गतिविधि र धितोपत्र बजार अनुगमन एवं सुपरिवेक्षण, धितोपत्र बजार पूर्वाधारहरुको विकास तथा लगानीकर्ताहरुलाई आत्मविश्वास जगाउने सम्बन्धमा भएका प्रयासहरुलाई समेटेर सेबोन न्यूजलेटरको तेस्रो अंक प्रकाशन गरेको छ ।

वर्तमान विश्वव्यापीकरणको युगमा पुँजीबजारको गुणात्मक विकास विना अपेक्षित आर्थिक वृद्वि सम्भव नभएकोले नेपाल सरकारले पुँजी बजारलाई स्वच्छ र पारदर्शी बनाई लगानीकर्ताको हित संरक्षण गर्नका लागि विभिन्न तहबाट आवश्यक नीतिगत तथा कानुन व्यवस्थाहरु गर्दै रहेको छ । सर्वसाधारण लगानीकर्ताको हितका लागि बोर्डले सामुहिक लगानी योजना तथा केन्द्रीय निक्षेप प्रणाली स्थापनासम्बन्धी आफ्नो प्रारम्भिक कार्य अगाडि बढाएको छ भने नेपाल सरकार तथा अन्य नियमक निकायहरुसंगको समन्वय तथा सहकार्यमा पुँजी बजार विकासका लागि आवश्यक कदमहरु अगाडि बढाउन बोर्ड कटिवद्ध रहेको छ । *२०६५ पुष*

## बोर्डमा नयाँ अध्यक्ष

नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०६५ पुष २ गते गरेको निर्णय बमोजिम नेपाल धितोपत्र बोर्डको अध्यक्षमा डा. शूरवीर पौड्याल नियुक्त हुनु भएको छ । यसभन्दा अघि तनहूँ निवासी डा. पौड्याल त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न क्याम्पसहरु तथा सेडामा ३१ वर्ष भन्दा बढी प्राध्यापन तथा अनुसन्धान गर्नुभएको थियो ।

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ लागू

नेपाल धितोपत्र बोर्डले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ गत कार्तिक २७ गतेदेखि लागू गरेको छ । सो नियमावलीले धितोपत्र दर्ता तथा निष्काशनमा थप नयाँ व्यवस्थाहरु गरेको छ ।

### धितोपत्र दर्ता गराउनुपर्ने

धितोपत्र सार्वजनिक निष्काशन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाले आफूले निष्काशन गर्ने धितोपत्र बोर्डमा दर्ता गराउनुपर्नेछ । धितोपत्र सार्वजनिक निष्काशन गर्दा संस्थापक सेयर पनि बोर्डमा दर्ता गराउनुपर्छ ।

### धितोपत्रको सार्वजनिक निष्काशन गर्नुपर्ने

कुनैपनि संगठित संस्थाले आफ्नो धितोपत्र एक पटकमा पचासजना भन्दा बढि व्यक्तिहरुलाई बिक्री वितरण गर्ने भएमा त्यस्तो धितोपत्र सार्वजनिक निष्काशन गरी बिक्री वितरण गर्नु पर्नेछ । यसरी धितोपत्र सार्वजनिक निष्काशन गरी बिक्री गर्ने भएमा सम्बन्धित संगठित संस्थाले आफ्नो जारी पुँजीको कम्तीमा तीस प्रतिशत सेयर सर्वसाधारणलाई बिक्री वितरण गर्नको लागि छुट्टाएको हुनुपर्छ । सो बमोजिम सार्वजनिक निष्काशन गर्ने संगठित संस्थाले आफ्नो उद्देश्य अनुरुपको कारोबार सञ्चालन गरेको कम्तीमा एक वर्ष पूरा भएको र सो अवधिको लेखापरीक्षण गरिएको वित्तीय विवरण सार्वजनिक रुपमा प्रकाशित गरिसकेको हुनुपर्दछ ।

रु. ५०,००० भन्दा बढी लगानी गर्ने दरखास्तवालाले अनिवार्य रुपमा एकाउन्ट पेयी चेक मार्फत रकम जम्मा गर्नुपर्नेछ । सार्वजनिक निष्काशनद्वारा धितोपत्र निष्काशन गर्ने संगठित संस्थाले सर्वसाधारणलाई छुट्याएको सेयर मध्ये पाँच प्रतिशतसम्म शेयर संस्थामा कार्यरत कर्मचारी तथा बढीमा पाँच प्रतिशतसम्म संस्थाको प्रकृति हेरी जलविद्युत वा उत्पादन तथा प्रशोधन कम्पनी रहेको क्षेत्रका बासिन्दाको लागि छुट्याउन सक्नेछ । यसरी छुट्याइएको धितोपत्र बाँडफाँट भएको मितिले कम्तीमा तीन वर्षसम्म बिक्री वितरण गर्न पाइने छैन । धितोपत्र खरिदका लागि झुठा विवरण पेश गरी अनियमित तवरबाट आवेदन गरेको पाईएमा त्यस्तो आवेदन निष्काशन तथा बिक्री प्रबन्धकले रद्द गर्नुपर्नेछ । यस अनुसार रद्द नगरी धितोपत्र वितरण गरेको पाईएमा बोर्डले सो बराबरको रकम निष्काशन तथा बिक्री प्रबन्धकबाट जरिवाना स्वरुप उपर गर्न सक्नेछ । यसरी उपर गरिने रकम बोर्डले पुँजी बजारको विकासमा मात्र प्रयोग गर्नुपर्नेछ ।

### फर्दर पब्लिक इस्यूसम्बन्धी व्यवस्था

सार्वजनिक निष्काशन गरी सूचिकृत भैसकेको संगठित संस्थाले आफ्नो पुंजी वृद्वि गर्नुपरेमा नयाँ निष्काशन (फर्दर पब्लिक इस्यू) मार्फत सर्वसाधारणमा शेयर बिक्री गर्न सक्नेछ । सो बमोजिम नयाँ निष्काशन (फर्दर पब्लिक इस्यू) मार्फत सर्वसाधारणमा शेयर बिक्री गर्ने भएमा विगत पाँच वर्षमा कम्तीमा पछिल्लो दुई वर्ष खुद मुनाफामा संचालन भई प्रति शेयर नेटवर्थ प्रति शेयर चुक्ता पुँजीभन्दा बढी भएको, नयाँ निष्काशन (फर्दर पब्लिक इस्यू) गर्ने सम्बन्धी निर्णय वार्षिक साधारण सभाबाट पारित भएको, अंकित मूल्य भन्दा बढी मूल्य तोकी निष्काशन गर्ने भएमा मूल्य निर्धारण गरिएको विधि र सोको औचित्य पुष्टि गर्ने आधार उल्लेख भएको, ऐन बमोजिम विवरणपत्र प्रकाशित गरेको हुनुपर्दछ ।

### धितोपत्र प्रिमियममा निष्काशन गर्न सक्ने

संगठित संस्थाले सार्वजनिक निष्काशन गर्दा प्रिमियममा धितोपत्र जारी गर्न सक्नेछ । यसरी प्रिमियमा धितोपत्र जारी गर्दा कम्पनी सम्बन्धी प्रचलित कानुनले तोकेको अवस्था पूरा गरिसकेको, अन्तिम लेखापरीक्षणबाट कायम हुन आएको (Networth Per Share) नेटवर्थ प्रति शेयरको सिमा भित्र रही (premium) प्रिमियममा धितोपत्र जारी गर्न सकिनेछ । प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य तथा औचित्यलाई पुष्टी गर्ने गरी संस्था भन्दा बाहिरका विज्ञ वा विज्ञ संस्थाबाट ड्यू डेलिजेन्स अडिट गरिएको हुनुपर्नेछ ।

### धितोपत्रको हकप्रद निष्काशन

हकप्रद निष्काशन गर्दा साविकका सेयरधनीहरुले प्राप्त गरेको हकप्रद शेयर खरिद गर्न पाउने सम्पूर्ण वा आंशिक हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न दिने गरी मनोनयन गर्ने भएमा संगठित संस्थाले नियम अनुसारको व्यवस्था पूरा गरी शेयरधनीले सम्बन्धित संगठित संस्था समक्ष निवेदन दिने व्यवस्था गर्नुपर्नेछ ।■

## जिओभि फरम्याटमा बोर्डका दुई वेभसाइट

नेपाल धितोपत्र बोर्ड धितोपत्र तथ्यांक व्यवस्थापन प्रणाली स्थापना आयोजना अर्न्तगत नेपाल धितोपत्र बोर्डका लागि www.sebon.gov.np तथा www.sedfar.gov.np दुई वेभसाइट प्रयोगमा ल्याउने भएको छ । www.sebon.gov.np मा बोर्डको चिनारी, धितोपत्र बजार सम्बन्धी कानुनी व्यवस्थाहरु, बजार गतिविधि, लगानीकर्ता सचेतना सम्बन्धी सामाग्री, बोर्डका प्रकाशनहरु, बोर्डमा गुनासो प्रस्तुतिको ढाँचा तथा व्यवस्था लगायतका जानकारी एवं धितोपत्र बजार सम्बन्धी अद्यावधिक तथ्याङहरु प्रवाह गरिनेछ भने www.sedfar.gov.np वेभसाइटलाई System for Electronic Data, Analysis and Retrieve रुपमा उपभोगमा ल्याइने छ भने उक्त वेभसाइटमा धितोपत्र बजारसंग सम्बन्धित पक्षहरु विशेष गरी निष्काशनकर्ता संगठित संस्था, सूचिकृत कम्पनीहरु, धितोपत्र व्यवसायीहरु तथा धितोपत्र विनिमय बजार लि.लाई धितोपत्र सम्बन्धी ऐन नियमका व्यवस्था बमोजिम बोर्डमा प्रस्तुत गर्नुपर्ने विवरणहरु विद्युतीय माध्यम (Online Reporting) मार्फत पेश गर्न सक्ने व्यवस्था गरिनेछ । साथै यस वेभसाइट मार्फत प्राप्त जानकारी एवं तथ्याङको शीघ्र पुनरावलोकन एवं विश्लेषण गर्ने र ऐन, नियम तथा निर्देशिका अनुसार विवरण प्रवाह नभएमा ताकेता गर्ने कार्य गरिनेछ । धितोपत्र बजार नियमन सम्बन्धि वढ्दो चूनौति पुरा गर्न एउटा संस्था भित्रका सम्बन्धित पक्षहरु वीच भएको कारोबार सम्बन्धी विवरण सुरक्षित तथा उपयुक्त रुपमा प्रवाह गराउने व्यवस्थाका लागि समेत आयोजनाले नेपाल धितोपत्र बोर्डका लागि www.sedfar.gov.np नामक वेभसाइट दर्ता गर्न पहल गरेको हो । बोर्डमा उल्लेखित दुई वेभसाइटहरुको व्यवस्थाबाट धितोपत्र बजार सम्बन्धि सामान्य तथ्यांक एवं जानकारी र विशेष तथ्यांक एवं जानकारीलाई पृथक रुपमा प्रवाह गर्न सकिनेछ ।

**धितोपत्रको सार्वजनिक निष्काशनका लागि दरखास्त दिंदा दर्खास्तवाला, नाबालकसमेतले स्वयंको खाता रहेको बैंक / वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर आफ्नो दरखास्तमा खुलाऔं ।**

# पुँजीगत लाभकर गणनामा नयाँ ब्यवस्था

नेपाल सरकारले सेयर कारोबारमा पुँजीगत लाभकर गणनाको विधि परिवर्तन गरेको छ । लाभकर गणनाको नयाँ ब्यवस्था अनुसार सेयर कारोबार गर्नेले तिर्नुपर्ने पुँजीगत लाभकर घट्ने विश्वास लिइएको छ । नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत कम्पनीले बुक क्लोज गर्दाको अन्तिम मूल्यलाई बोनस तथा हकप्रद सेयर अनुपातले समायोजन गरी औसत निकालेर मूल्य निर्धारण गरिने छ । यस अघि हकप्रद तथा बोनस सेयर जारी गर्दा हरेक निष्काशनको अन्तिम मूल्यलाई जोडी त्यसलाई औसत मानेर कर गणना गरिन्थ्यो । सूचीकृत नभएका कम्पनीको हकमा कम्पनी रजिष्टारको कार्यालय वा ओभर दि काउन्टरबाट बिक्री मूल्य एकिन गरी कर गणना गर्ने ब्यवस्था गरिएको छ ।

पुँजीगत लाभकर गणना गर्न नेपाल सरकारले तय गरेको नयाँ विधिको बारेमा सर्वसाधारण लगानीकर्ताहरुलाई जानकारी गराउने उद्देश्यले नेपाल स्टक एक्सचेन्ज लि. ले प्रेस विज्ञप्ति जारी गरेको छ । पुँजीगत लाभकर गणना गर्ने नयाँ विधिलाई सहज तरिकाले बुझाउन सो विज्ञप्तिमा स्टक एक्सचेन्जले उल्लेख गरेको उदाहरण अनुसार सरकारले लाभकर गणना गर्न आधार मूल्य तोकेको छ । प्रेस विज्ञप्ति अनुसार नविल बैंक लि. को २०५८ श्रावण १ को प्रति कित्ता बजार मूल्य रु.१५००, २०५८ फागुन ९ गतेको बजार मूल्य रु.७१० तथा २०६४ मंसीर २३ गतेको बजार मूल्य रु. ५,७२५ लाई पुँजीगत लाभकर प्रयोजनको लागि लिइदै आएको र सोही अनुरुप औसत कायम गरिएको छ । नविल बैंक लि. ले चालिस प्रतिशत बोनस सेयर वितरणका लागि २०६५ भाद्र २९ गते बुक क्लोज गर्दा सो बैंकको सेयरको प्रति कित्ता रु.५,६८० रहेको छ भने सो बुक क्लोजको मूल्यलाई चालिस प्रतिशत बोनस सेयर अनुपात (१.४) ले भाग गर्दा आउने रु. ४,०५७।१४ पैसा र पहिला उल्लेख गरिएका तीनवटा बजार मूल्यको औसत रु.२,६४५ लाई जोड्दा हुने रु.६,७०२।१४ पैसालाई पुन दुई ले भाग गर्दा आउने रु. ३,३५१।०७ पैसा बोनस सेयर जारी गरेपछि गणना गरिने पुँजीगत लाभकर प्रयोजनका लागि आधार मूल्य हुन आउछ ।

यदि नविल बैंक लि. ले बोनस सेयर जारी गरिसकेपछि पुन १: १ अनुपातमा हकप्रद सेयर दिने भई सो प्रयोजनका लागि भएको बुक क्लोजको अन्तिम मूल्य मानौं रु.५,००० रहेछ भने हकप्रद सेयर प्राप्त गर्न सेयरहोल्डरले प्रति सेयर रु. १०० थप तिर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा बुक क्लोज हुँदाको रु. ५,००० र हकप्रद सेयरका लागि तिरिएको रु. १०० जोडेर आउने रु. ५,१०० लाई दुईले भाग गर्दा आउने रु.२,५५० तथा यस अघि समायोजन गरिएको आधार मूल्य रु. ३,३५१ लाई जोड्ने र यसरी आउने जोडफल रु.५,९०१ लाई दुई ले भाग गरी आउने रु. २,९५०।५० पैसा आधार मूल्य हुन आउछ । यसरी कायम हुन आएको आधार मूल्य र बजारमा कायम भएको मूल्य बीचको फरकमा १५ प्रतिशतले पुँजीगत लाभकर गणना गर्ने ब्यवस्था रहेको छ ।

## बोनस तथा हकप्रद सेयरका लागि समायोजन गरिएको आधार मूल्य*

| कम्पनी | आधार मूल्य |
|---|---|
| **वाणिज्य बैंक** | |
| नविल बैंक लि. | ३३५१ |
| नेपाल इन्भेष्टमेन्ट बैंक लि. | १५८० |
| स्ट्यान्डर्ड चार्टड बैंक लि. | ४२०४ |
| हिमालयन बैंक लि. | १०५७ |
| नेपाल एसविआई बैंक लि. | १०१६ |
| नेपाल बंगलादेश बैंक लि. | ७३९ |
| एभरेष्ट बैंक लि. | ९८९ |
| बैंक अफ काठमाण्डू लि. | ११०८ |
| एनआईसी बैंक लि. | ९०५ |
| माछापुच्छ्रे बैंक लि. | ५५९ |
| लक्ष्मी बैंक लि. | ८३८ |
| कुमारी बैंक लि. | ६१० |
| लुम्बिनी बैंक लि. | ४६९ |
| एनसीसी बैंक लि. | ३८३ |
| सिद्धार्थ बैंक लि. | ८२४ |
| डिसीबिएल बैंक लि. | ४७७ |
| एनएमवि बैंक लि. | ६०२ |
| **विकास बैंक** | |
| एनआईडिसी | २०३ |
| नेपाल विकास बैंक लि | १९४ |
| निर्धन उत्थान बैंक लि. | १२२ |
| छिमेक विकास बैंक लि. | १९९ |
| पश्चिमाञ्चल विकास बैंक लि | १५२ |
| डिप्रोक्स विकास बैंक लि | १३० |
| विजिनेश डेभलपमेन्ट बैंक लि | ३५७ |
| सिद्धार्थ डेभलपमेन्ट बैंक लि | ६९३ |
| भृकुटी विकास बैंक लि | १३८ |
| सानिमा विकास बैंक लि | ४२५ |
| नारायणी औद्योगिक वि बैंक लि | १०० |
| बागेश्वरी विकास बैंक लि | ५४१ |
| गोर्खा विकास बैंक लि | ३६८ |
| अन्नपुर्ण विकास बैंक लि | २५५ |
| स्वाभलम्बन विकास बैंक लि | ७७० |
| एस डेभलपमेन्ट बैंक लि | ७५९ |
| हिमचुली विकास बैंक लि | ९३८ |
| **वित्त कम्पनी** | |
| नेपाल फाइनान्स कं. लि | ३२६ |
| एनआईडिसी क्या मार्केट्स लि | ४४७ |
| नेशनल फाइनान्स कं. लि | ४८८ |
| नेपाल सेयर मार्केट्स लि | ५३० |
| अन्नपुर्ण फाइनान्स कम्पनी लि | ५५१ |
| काठमाडौं फाइनान्स लि | २३४ |
| पिपल्स फाइनान्स लि | २४५ |
| युनियन फाइनान्स कम्पनी लि | ११८ |
| नागरिक लगानी कोष | २९० |
| नेपाल आवास वि वित्त क लि | २३४ |
| नारायणी फाइनान्स लि | ३७७ |
| यति फाइनान्स कम्पनी लि | २२७ |
| गोर्खा फाइनान्स लि | १९३ |
| सम्झना फाइनान्स कम्पनी लि | १७० |
| युनिर्भसल फाइनान्स लि | २२८ |
| नेपाल हा एन्ड मर्चेन्ट फा लि | ३३० |
| जनरल फाइनान्स लि | १६९ |
| महालक्ष्मी फाइनान्स लि | ४३७ |
| ललितपुर फाइनान्स लि | ३८१ |
| गुडविल फाइनान्स कम्पनी लि | ६७५ |
| पश्चिमाञ्चल फाइनान्स कम्पनी लि | २७५ |
| पोखरा फाइनान्स लि | ३७८ |
| लुम्बिनी फाइनान्स लि | ४१४ |
| सिद्धार्थ फाइनान्स लि | ४४७ |
| एल्पिक एभरेष्ट फाइनान्स कम्पनी लि | १५७ |
| युनाइटेड फाइनान्स कम्पनी लि | १९१ |
| इन्टरनेशनल लिजिङ एन्ड फा कं. लि | ४३२ |
| श्री इन्भेष्टमेन्ट फाइनान्स कम्पनी लि | ६६७ |
| सेन्ट्रल फाइनान्स कम्पनी लि | २६७ |
| प्रिमियर फाइनान्स कम्पनी लि | २४५ |
| नवदुर्गा फाइनान्स कम्पनी लि | १५५ |
| वुटवल फाइनान्स लि | ३६३ |
| जानकी फाइनान्स लि | १३३ |
| स्ट्यान्डर्ड फाइनान्स लि | ४६७ |
| ओम फाइनान्स लि | १९६ |
| कस्मिक मर्चेन्ट बैकिङ एन्ड फा लि | ११० |
| फेवा फाइनान्स कम्पनी लि | २३७ |
| किष्ट मर्चेन्ट बैकिङ एन्ड फा लि | ४६६ |
| वर्ल्ड मर्चेन्ट बैंक लि | ४१५ |
| वीरगञ्ज फाइनान्स लि | ४१७ |
| क्यापिटल मर्चेन्ट बैकिङ एन्ड फा लि | ४३२ |
| प्रुडेन्सियल वित्तीय संस्था लि | १९० |
| सृजना फाइनान्स लि | १०४ |
| रोयल मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स लि | ४२६ |
| गुहेश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स लि | ३६८ |
| आइएमई फाइनान्सियल इन्स्टिच्युसन लि | ११७० |
| भाजुरत्न फाइनान्स एन्ड सेभिङ कम्पनी लि | ११२ |
| आईसिएफसी वित्तीय संस्था लि | २७६ |
| नेपाल एक्सप्रेस फाइनान्स लि | १९८ |
| **वीमा कम्पनी** | |
| नेपाल इन्स्योरेन्स कम्पनी लि | ५१० |
| राष्ट्रिय वीमा संस्थान | १५२० |
| नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लि | ६०० |
| हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि | ३०१ |
| युनाईटेड इन्स्योरेन्स कम्पनी लि | २४० |
| एभरेष्ट इन्स्योरेन्स कम्पनी लि | ३४२ |
| प्रिमियर इन्स्योरेन्स कम्पनी लि | २३० |
| नेको इन्स्योरेन्स कम्पनी लि | १४४ |
| एलायन्स इन्स्योरेन्स कम्पनी लि | १३६ |
| सगरमाथा इन्स्योरेन्स कम्पनी लि | २०२ |
| नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि | ४२५ |
| ब्यापार कम्पनी | |
| विशाल बजार कम्पनी लि | २२०० |
| **अन्य कम्पनी** | |
| नेपाल चलचित्र विकास संस्थान लि | ६० |

** बोनस तथा हकप्रद सेयरको पुँजीगत लाभकर गणनाका लागि अर्थ मन्त्रालयको मिति २०६५।०८।२० को निर्णय अनुसारको मूल्य ।*

# संस्थापक सेयरको प्रथम कारोबार मूल्य

संस्थापक सेयरको प्रथम कारोबार गर्दा थप स्पष्ट गर्न नेपाल स्टक एक्सचेन्ज लि. ले खुद सम्पत्ति सकारात्मक भएको कम्पनीको हकमा नेटवर्थको आधारमा गणना गरिएको बुक भ्यालूको पाँच गुणा वा साधारण सेयरको बजार मूल्यको ५० प्रतिशत मध्ये जुन कम हुन्छ सो मूल्यमा वा सो भन्दा बढी मूल्यमा कारोबार गर्न सकिने ब्यवस्था गरेको छ । साथै, खुद सम्पत्ति ऋणात्मक भएको कम्पनीको हकमा १८० दिनको औसत (साधारण सेयरको) बजार मूल्यको ५० प्रतिशत वा बजार मूल्यको ५० प्रतिशत मध्ये जुन कम हुन्छ सो मूल्यमा कारोबार गर्न सकिने छ । उपयुक्त ब्यवस्था पछि संस्थापक सेयरको प्रथम कारोबारका लागि न्युनतम मूल्य सीमा भन्दा तल जान नपाउने तर अधिकतम सिमाको सम्बन्धमा कुनै शर्त बन्देज राखिएको छैन । सो ब्यवस्था बमोजिम संस्थापक सेयरको प्रथम कारोबारका लागि न्युनतम मूल्यभन्दा माथिको कुनैपनि मूल्यमा कारोबार हुनसक्दछ ।

# क्रसहोल्डिङ बिक्री गर्नुपर्ने

बैंक तथा वित्तीय संस्थाहरुले अन्य बैंक तथा वित्तीय संस्थाहरुमा आफूले गरेको संस्थापक सेयर लगानी (क्रस होल्डिङ) र सो को हकप्रद सेयर सम्बन्धमा नेपाल राष्ट्र बैंकले एक निर्देशन जारी गर्दै २०६५ आषाढ मसान्तभित्र त्यस्तो संस्थापक सेयर बिक्री नगरेका बैंक तथा वित्तीय संस्थाहरुले थप हकप्रद सेयर खरिद गर्न नपाउने ब्यवस्था गरेको छ तर त्यस्ता संस्थापक सेयर लगानी रकम बराबरको लगानी समायोजन कोष खडा गरेको अवस्थामा मात्र २०६५ चैत्र मसान्त भित्र राइट रिनाउन्स गर्न सक्ने र तत्पश्चात राइट रिनाउन्स गर्न समेत नपाउने ब्यवस्था गरेको छ । त्यस्तो संस्थापक सेयर लगानी २०६५ चैत्र मसान्त भित्र बेचविखन नगर्ने संस्थालाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम कारवाही गर्ने ब्यवस्था रहेको छ ।

# धितोपत्र निष्काशन निर्देशिकाको मस्यौदा

२०६५ कार्तिक २७ गतेदेखि लागू भएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ ले गरेको ब्यवस्था बमोजिम धितोपत्रको सार्वजनिक निष्काशन कार्यलाई थप स्वच्छ एवं पारदर्शी बनाउन धितोपत्र निष्काशन निर्देशिकाको मस्यौदा तयार गरिएको छ ।

# धितोपत्रको दोस्रो बजार

२०६५ पुस मसान्तमा धितोपत्रको दोश्रो बजार कारोबारको कुल बजार पुँजीकरण मूल्य रु. ४ खर्व २ अर्व १७ करोड २० लाख रहेको छ । २०६५ भाद्र महिनामा सो मूल्य रु. ५ खर्व ९ अर्व ८० करोड ७० लाख ८ हजार रहेको थियो जुन अहिले सम्मको सवैभन्दा अधिकतम बजार पुँजीकरण मूल्य हो । चालु आर्थिक वर्षको श्रावण महिनामा सो मूल्य ४ खर्व २३ अर्व ६७ करोड ५१ लाख थियो । बजार पुँजीकरण श्रावण महिनामा कम भै भाद्र महिनामा बढ्दै त्यस पछि निरन्तर रुपमा घट्दै पौष मसान्तमा रु. ४ खर्व २ अर्व १७ करोड १९ लाख ८६ हजार १ सय १० रुपैया पुगेको छ । धितोपत्र कारोबारको औसत मूल्य देखाउन प्रयोग गरिने NEPSE परीसूचक २०६५ साउनमा १०८४.७६ अंक पुग्यो जुन साउन देखि पुस मसान्तसम्मकै सवै भन्दा अधिकतम हो । २०६५ पुस मसान्तसम्मा नेपाल स्टक एक्सचेन्ज लि. मा धितोपत्र कारोबारका लागि सूचीकृत हुने संगठित संस्थाहरुको संख्या १४९ पुगेको छ ।











## स्वागत तथा विदाई कार्यक्रम

डा. शूरवीर पौड्यालले २०६५ पुष ९ गते आफ्नो पद बहाली गरेपछि नेपाल धितोपत्र बोर्डले नव नियुक्त अध्यक्ष डा. पौड्याललाई स्वागत तथा निवर्तमान अध्यक्ष डा. चिरञ्जीवी नेपाललाई विदाई गर्न २०६५ पुष २३ गते एक कार्यक्रमको आयोजना गऱ्यो । सो अवसरमा नव नियुक्त अध्यक्ष डा. पौड्यालले धितोपत्र बजारमा सवै पक्षको सहयोग जरुरी भएको बताउनु भयो भने निवर्तमान अध्यक्ष डा. नेपाल आफू सधै धितोपत्र बजारको विकासमा सकारात्मक रहने बताउनु भयो ।

कार्यक्रममा बोर्ड सदस्य तथा कानुन, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयका सह सचिव बाबुराम रेग्मीले बोर्डको नेतृत्व परिवर्तनलाई सहज रुपमा लिनुपर्ने बताउदै धितोपत्र बजारको विकासमा सवै एकजुट हुनुपर्ने धारणा राख्नु भयो । उक्त अवसरमा नव नियुक्त अध्यक्ष डा. पौड्यालले बोर्डका तर्फबाट डा. नेपाललाई सम्झनाको चिनो प्रदान गर्नु भएको थियो ।

## नयाँ मर्चेन्ट बैंकर अनुमतिपत्र प्रदान

नेपाल धितोपत्र बोर्डले थप चार संगठित संस्थाहरुलाई मर्चेन्ट बैंकिङ व्यवसाय गर्न अनुमतिपत्र प्रदान गरेको छ । सो अनुमतिपत्र प्रदान गरेपछि धितोपत्र बजारमा कुल मर्चेन्ट बैंकरहरुको संख्या एघार पुगेको छ । एलिट क्यापिटल लि., डेभलपमेन्ट क्रेडिट बैंक लि. र भिबोर विकास बैंक लि. ले निष्काशन तथा बिक्री प्रवन्ध, सेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभूति र लगानी व्यवस्थापन सम्बन्धि व्यवसाय गर्न बोर्डबाट अनुमतिपत्र प्राप्त गरेका छन् भने नेपाल हाउसिङ एन्ड मर्चेन्ट फाइनान्स लि. ले निष्काशन तथा बिक्री प्रवन्ध तथा सेयर रजिष्ट्रेशनको व्यवसाय गर्न अनुमतिपत्र लिएको छ ।

हाल धितोपत्र बजारमा सार्वजनिक निष्काशन गर्ने कम्पनीहरुको संख्या बढ्दै गएकाले त्यस्ता कम्पनीहरुलाई आफ्नो सेयर सर्वसाधारणलाई बिक्री गर्ने कार्यमा बजारमा हाले प्रवेश गरेका थप मर्चेन्ट बैंकरहरुबाट समेत आवश्यक सहयोग पुग्ने अपेक्षा गरिएको छ । साथै, कतिपय सूचीकृत कम्पनीहरु काठमाडौं बाहिर रहेका र त्यस्ता कम्पनीहरुको कारोबार भएका सेयरहरु नामसारी भै आउन ढिलाई भइरहेको वर्तमान अवस्थामा मर्चेन्ट बैंकरहरुबाट सेयर नामसारी सम्बन्धी कार्यमा समेत सहयोग पुग्ने बोर्डले विश्वास लिएको छ ।

## वार्षिक प्रतिवेदन सार्वजनिक

नेपाल धितोपत्र बोर्डले आफ्नो वार्षिक प्रतिवेदन २०६४।६५ सार्वजनिक गऱ्यो । सो प्रतिवेदनमा गत आर्थिक वर्षभित्र बोर्डले गरेका कामकारवाही तथा नेपालको पुँजीबजार तथा सूचीकृत कम्पनीहरुको गतिविधि सम्बन्धी जानकारीहरु समेटिएका छन् । बोर्डले उक्त प्रतिवेदन सम्पूर्ण सूचिकृत संगठित संस्था धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा अन्य सम्बद्ध पक्षहरुमा वितरण गरेको छ ।




## एसडिएमएस अर्न्तगत तालिम

बोर्डमा हाल कार्यान्वयन चरणमा रहेको नेपाल धितोपत्र बोर्ड धितोपत्र तथ्याङ्क व्यवस्थापन प्रणाली स्थापना आयोजना अर्न्तगत विकसित हुने धितोपत्र तथ्याङ्क व्यवस्थापन प्रणाली संचालन दक्षता अभिवृद्धिका लागि बोर्डका पाँच पाँचजनाको तीनवटा कर्मचारीहरुको समुहलाई Oracle 10g, Hardware and Networking तथा SPSS सम्बन्धी एक महिने तालिम दिइएको छ ।

## अर्थ मन्त्रालयका तर्फबाट बोर्ड सदस्यमा जोशी

नेपाल सरकार, मन्त्रीस्तरिय निर्णयानुसार अर्थ मन्त्रालयको तर्फबाट २०६५ मंसीर १७ गतेदेखि नेपाल धितोपत्र बोर्डमा सहसचिव लालमणि जोशीले प्रतिनिधित्व गर्नु भएको छ । बोर्ड सदस्यमा यसअघि अर्थ मन्त्रालयबाट सह सचिव शारदाप्रसाद त्रितालले प्रतिनिधित्व गर्नुभएको थियो ।

## बोर्डको प्रवक्तामा गिरी

नेपाल धितोपत्र बोर्डले बोर्डको प्रवक्तामा निर्देशक निरज गिरीलाई तोकेको छ । सञ्चारकर्मी एवं सर्वसाधारणहरुलाई बोर्डले गरेको गतिविधि एवं क्रियाकलापहरु संप्रेषण गर्न प्रवक्ता तोकिएको हो ।

# प्रिमियम निर्धारण सम्बन्धमा गोष्ठी




धितोपत्रको सार्वजनिक निष्काशनलाई स्वच्छ पारदर्शी र थप व्यवस्थित बनाउन तर्जुमा गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावलीमा प्रिमियममा धितोपत्र निष्काशन गर्दा अपनाउन सकिने प्रिमियम निर्धारण सम्बन्धी व्यवस्थाका बारेमा सरोकारवाला एवं विज्ञहरु बीच छलफल गरि धितोपत्रको प्रिमियम निर्धारणका बारेमा उपयुक्त निष्कर्षमा पुग्ने उद्देश्यले नेपाल धितोपत्र बोर्डले एक कार्यक्रमको आयोजना गर्‍यो । Valuation and Pricing of Initial Public Offer in Stock Market in Nepal विषयक सो कार्यक्रममा साउथ एशियन इन्स्टिच्युसन अफ म्यानेजमेन्टका प्राध्यापक डा. विजय केसी र प्रा. असोकराज पाण्डेले संयुक्त कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । प्रस्तुत कार्यपत्र माथिको छलफलमा नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बीमा समिति, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था, विभिन्न निष्काशन तथा बिक्री प्रबन्धक कम्पनीहरु, नेपाल स्टक एक्सचेन्ज लि. तथा नेपाल धितोपत्र बोर्डका बोर्ड सदस्य एवं कर्मचारीहरुको सहभागिता रहेको थियो । नेपालको पुँजीबजारलाई थप व्यवस्थित, पारदर्शी र विश्वसनिय बनाउन नेपाल सरकारले लागू गरेको धितोपत्र सम्बन्धी ऐन, २०६३ मा रहेका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनका लागि नेपाल धितोपत्र बोर्डले आवश्यक नियमन संरचनाहरुको तर्जुमा गर्ने तथा नेपाल सरकारको अनुमति लिई लागू गर्ने कार्य गर्दै आएको छ ।

धितोपत्र बजार नियमन सम्बन्धी जिम्मेवारी सशक्त रुपमा पुरा गर्ने क्रममा नेपाल सरकार तथा अन्य नियमन निकायहरुसंग पनि समन्वय गर्दै बोर्डले धितोपत्रको सार्वजनिक निष्काशनलाई थप पारदर्शी र व्यवस्थित गर्न बोर्डले नयाँ नियमावलीको तर्जुमाका क्रममा प्रिमियममा धितोपत्र निष्काशन गर्दा प्रिमियम निर्धारणका आधारहरु तथा यसका सामान्य विधि यकिन गर्न आवश्यक देखिएको थियो । पुंजी बजारमा मध्यस्थ क्षेत्र (वित्त क्षेत्र) मात्र नभई वास्तविक क्षेत्र (उत्पादन क्षेत्र) समेत समावेश भएमा यसको सन्तुलित विकास हुने भएकोले सो क्षेत्रलाई प्रोत्साहित गरी धितोपत्र बजार प्रवेश गराउन विभिन्न सरोकारवाला पक्षहरुको धितोपत्रलाई प्रिमियममा निष्काशन गर्न दिनुपर्ने माग रहेको थियो ।

# सवै नियमक निकायहरुद्वारा सचेत हुन आग्रह




कुनै पनि संस्थाले कुनै पनि किसिमले सर्वसाधारणको बचत संकलन गर्न, बीमा व्यवसाय संचालन गर्न तथा सर्वसाधारणलाई धितोपत्रहरु निष्काशन तथा बिक्री गर्न नेपाल सरकारबाट जारी भएका ऐन नियमहरु बमोजिम सम्बन्धित निकायहरु नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक, बीमा समिति तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट सम्बन्धित कारोबारका लागि अनुमति लिनुपर्ने व्यवस्था हुँदाहुदै केही संस्थाहरुले सम्बन्धित निकायहरुबाट अनुमति नलिई बैंकिङ, बीमा तथा धितोपत्र कारोबार गरिरहेको भन्ने जानकारीमा आएको हुनाले कुनै पनि संस्थाले सम्बन्धित निकायको अनुमति बिना गरेको काम कारवाही गैह्र कानुनी हुने सम्बन्धित सबैलाई जानकारी गराउँदै त्यस्तो संस्थामा कुनै पनि प्रकारले सहभागी नहुन सम्बन्धित सबैलाई सजग गराईएको छ । साथै छोटो समयमै धनी बन्न सकिने, पैसा कमाउन कुनै सीमा नभएको, कुनै प्रकारको योग्यता नचाहिने, घरमै बसेर वा फुर्सदको समय मात्रै उपयोग गरेर गर्न सकिने, आकर्षक प्रतिफल, कमिशन तथा उपहारहरु प्राप्त हुने, विदेश भ्रमण गर्न पाईने, बीमा गरिदिने, शेयरहरु प्रदान गरी साझेदार बनाउने, जिन्दगी भर आम्दानी दिने, औषधोपचार सुविधा दिने जस्ता आकर्षक प्रलोभनयुक्त नाराहरु सहित कार्यक्रम संचालन गर्ने र त्यस्ता कार्यक्रमहरुमा सदस्यहरु बनाई सदस्यहरुले थप नयाँ सदस्य बनाउँदै जानुपर्ने, सदस्य बन्नका लागि रकम जम्मा गनुपर्ने र नयाँ सदस्यहरुबाट जम्मा हुन आएको रकमबाट तह वृद्धि हुँदै गए पछि पुराना सदस्यहरुले निश्चित अंश प्राप्त गर्दै जाने जस्ता कार्यक्रमहरुबाट समय समयमा विभिन्न मुलुकहरुमा समेत सर्वसाधारणहरु ठगिएको देखिएको छ । नेटवर्क मार्केटिङ, मल्टि लेभल मार्केटिङ, पिरामिड स्किम आदि जस्ता नामबाट संचालित यस्ता कार्यक्रमहरुमा तलको चित्रमा जस्तै कुनै समयावधि पश्चात कुनै तहमा गएर नयाँ सदस्यहरु थप्दै जान असम्भव नै हुने हुँदा यस्तो कार्यक्रम रोकिन गई धराशायी हुने र कार्यक्रम संचालकहरु गायब हुने गरेको समेत विदितै छ । यस्तो कार्यक्रमबाट शुरुमा सदस्य बन्ने केही व्यक्तिहरु मात्र लाभान्वित भई अधिकाँश सदस्यहरुले आफ्नो रकम समेत गुमाउनुपर्ने अवस्था सिर्जना हुन जान्छ ।

धितोपत्रको सार्वजनिक निष्काशनका लागि दरखास्त दिंदा दर्खास्तवाला, नाबालकसमेतले स्वयंको खाता रहेको बैंक / वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर आफ्नो दरखास्तमा खुलाऔं ।

# लगानीकर्ता आत्तिनुपर्दैन : डा. पौड्याल



नेपाली धितोपत्र बजारमा अत्याधिक धितोपत्रहरुको पुर्तिका कारण सेयर बजार घटेको जानकारी दिदै नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. शूरवीर पौड्यालले अहिले नै लगानीकर्ताहरु आत्तिहाल्नु पर्ने अवस्था नआएको बताउनु भएको छ । धितोपत्र बजारको वर्तमान अवस्थाका बारेमा जानकारी दिने उद्देश्यले बोर्डद्वारा २०६५ पुष २९ गते आयोजित एक पत्रकार भेटघाट कार्यक्रममा अध्यक्ष डा. पौड्यालले बैंक तथा वित्तीय संस्थाको आधिपत्य रहेको नेपाली सेयर बजारमा नेपाल राष्ट्र बैंकले जारी गरेको पुँजी वृद्धि गर्ने निर्देशनको कारणले बजारमा सेयरको पुर्तिमा वृद्धि भएको उल्लेख गर्दै नेपाल धितोपत्र बोर्डले चालु आर्थिक वर्षमा ३० करोड रुपैयाको साधारण सेयर, ३ अर्ब ५५ करोडको हकप्रद सेयर निष्काशन अनुमति दिएको र एक अर्ब १७ करोड रुपैया बराबरको बोनस सेयर पनि गत आर्थिक वर्षमा दर्ता गरिएको बताउनु भयो ।

बोर्डमा हाल दुई अर्ब २० करोड रुपैयाको साधारण सेयर , तीन अर्ब ७६ करोड रुपैयाको हकप्रद सेयर तथा ५० करोड रुपैया बराबरको ऋणपत्र निष्काशन क्रममा रहेका छन् । संस्थापक सेयरलाई साधारण सेयरमा परिणत गर्ने राष्ट्र बैंकको निर्णयले पनि सेयरको पुर्तिमा वृद्धि भएको जनाउँदै नेपाल राष्ट्र बैंकको निर्देशानुसार अहिले संस्थापक सेयर ५१ प्रतिशत र साधारण सेयर ४९ प्रतिशतको अनुपातमा रहनसक्ने ब्यवस्था गरिएको छ । अधिकांश सूचीकृत कम्पनीहरुले आफ्नो प्रतिफल घोषणा गरिसकेका, विश्व आर्थिक संकटको मनोबैज्ञानिक असर तथा लगानीकर्तामा सजगताको कमी रहेकाले पनि सेयरको बजार मूल्यमा गिरावट आएको अध्यक्ष डा. पौड्यालले बताउनु भयो ।

लगानीकर्ताले आत्मबल नघटाई लगानी सम्बन्धी सुसूचित निर्णय गर्नुपर्ने अध्यक्ष डा. पौड्यालले बताउनु भयो । बजारमा चलेका अनेक हल्लालाई संकेत गर्दै नेपालको पुँजी बजार प्रति सरकारको नकारात्मक धारणा नरहेको बरु सरकार पुँजी बजारको विकासलाई स्वच्छ तथा पारदर्शी बनाई लगानीकर्ताको हित संरक्षण प्रति उन्मुख रहेको बताउँदै अध्यक्ष डा. पौड्यालले बजार विकासका लागि विभिन्न तहबाट आवश्यक नीतिगत तथा कानुनी ब्यवस्थाहरु गर्न नेपाल सरकारबाट विभिन्न कार्यदलहरु गठन भई काम कारवाही अगाडि बढीरहेको जानकारी दिनु भयो ।

पुँजी बजारको विकास विना आर्थिक विकास गर्न नसकिने धारणा राख्दै डा. पौड्यालले भन्नु भयो "आत्तिनु पर्दैन, लगानीकर्तालाई निरुत्साहित गर्ने कदम कतैबाट चालिन्न ।" सेयर बजार सम्बन्धी तथ्यांकले पनि लगानीकर्ताले आत्मविश्वास गुमाउनुपर्ने कुनै अवस्था नआएको जानकारी दिनुभयो । बजार ब्यवस्थित बनाउन बोर्डले निकट भविष्यमा लगानीकर्ता र दलाल प्रशिक्षण कक्षा सञ्चालन गर्न लागेको बताउनु भयो ।

अन्तर्राष्ट्रिय प्रचलन अनुसार सामान्य मूल्य आम्दानी अनुपात १५ देखि २० प्रतिशतसम्म भएको सेयर मूल्यलाई उपर्युक्त मूल्य मानिने भएकाले नेपालको धितोपत्र बजार अहिले सच्चिने क्रममा रहेको छ । बोर्डले निकट भविष्यमा केन्द्रीय निक्षेप प्रणाली स्थापना सम्बन्धी कानुनको मस्यौदा तयार पार्ने कार्य भइरहेको बताउदै सामुहिक लगानी कोष स्थापना गर्ने सम्बन्धी ऐनको मस्यौदा तयार भई मन्त्री परिषदमा पुगेको जानकारी दिनुभयो ।

## म्युचुअल फन्ड ऐन मस्यौदा

पुँजी बजारको विकासका लागि सामुहिक लगानी कोष (म्युचुअल फन्ड) महत्वपुर्ण हुने हुँदा नेपालमा म्युचुअल फन्डको स्थापनाका लागि कानुनी ब्यवस्था गर्ने क्रममा सामुहिक लगानी कोष ऐनको मस्यौदा तयार भएको छ ।

नेपाल सरकार, अर्थ मन्तालयका सहसचिव रणवहादुर श्रेष्ठको संयोजकत्वमा नेपाल धितोपात्र बोर्डका अध्यक्ष डा. शूरवीर पौड्याल, नेपाल राष्ट्र बैंकका निर्देशक नारायणप्रसाद पौडेल, नेपाल बैंकर्स एसोसियसनका अध्यक्ष राधेश पन्त, उद्योग वाणिज्य महासंघका प्रतिनिधि पशुपति मुरारका, तारा म्यानेजमेन्ट प्रा.लि.का अध्यक्ष सुजिव शाक्य, अर्थ मन्त्रालयका उपसचिव हरिप्रसाद श्रेष्ठ, नेपाल धितोपत्र वोर्डका निर्देशक परिष्ट पौड्याल सदस्य रहेको सामुहिक लगानी कोष अध्ययन कार्यदलले दिएको सझुाव बमोजिम सो मस्यौदा तयार गरिएको हो । सो मस्यौदालाई मन्त्री परिषदमा लैजाने तयारी भइरहेको छ । पुँजी बजारको थप सुधारका लागि चालु आर्थिक वर्षको बजेटमा सामुहिक लगानी कोष सम्बन्धि ऐन ल्याइने उल्लेख गरिएको थियो ।

सामुहिक लगानी कोष योजनाले सर्वसाधारणसंग छरिएर रहेको बचतलाई विभिन्न वित्तीय औजारहरुमा दक्ष रुपमा लगानी हुन सघाउ पुर्‍याउछ । साना लगानीकर्ताहरुको लागि सामुहिक लगानी कोष योजनालाई अत्यन्त उपयुक्त लगानीको साधन मानिन्छ ।

# धितोपत्र निष्काशन

नेपाल धितोपत्र बोर्डले चालू आर्थक वर्षको पुस मसान्तसम्ममा रु. ४ अर्ब ६० करोड १० लाख ४३ हजार ६ सय बराबरको धितोपत्र निष्काशनका लागि अनुमति प्रदान गरेको छ । सो निष्काशित अनुमति रकम मध्ये रु. ३० करोडको साधारण सेयर, ३ अर्ब ५५ करोड १० लाख ४३ हजार ६ सयको हकप्रद शेयर र रु. ७५ करोड बराबरको ऋणपत्र रहेको छ ।

पुस मसान्तसम्मको कुल धितोपत्र सार्वजनिक निष्काशनमा २ बाणिज्य बैंकको रु.७५ करोड बराबरको ऋणपत्र, १० वित्त कम्पनीको रु. २ अर्ब ६ करोड ४१ लाख ५४ हजार ६ सय बराबरको हकप्रद सेयर, ३ विकास बैंकको रु. ३७ करोड बराबरको हकप्रद सेयर, १ वाणिज्य बैंकको रु. १ अर्ब ११ करोड ६८ लाख ८९ हजार बराबरको हकप्रद सेयर र १ वाणिज्य बैंकको रु. ३० करोड बराबरको साधारण सेयर रहेको छ ।

### क्षेत्रगत निष्काशन (रु. करोडमा)




### औजारगत निष्काशन (प्रतिशतमा)




### मर्चेन्ट बैंकर तथा निष्काशन संख्या




# हकप्रद सेयर ब्यवस्थित गर्न निर्देशन

संगठित संस्थाहरुले हकप्रद शेयर निष्काशन गर्ने प्रकृयालाई थप पारदर्शी बनाउनका लागि निष्काशन तथा बिक्री प्रबन्धकहरुलाई बोर्डले नयाँ निर्देशनहरु जारी गरेको छ । हकप्रद सेयर निष्काशन गर्दा लगानीकर्ताले पूर्णरुपले सुसूचित भई लगानी गर्न सकून् भन्न उद्देश्यले सो नयाँ निर्देशनहरु जारी गरेको हो । निर्देशनले हकप्रद सेयरमा लगानी गर्नुअघि लगानीकर्ताहरुलाई कम्पनीको पछिल्लो वार्षिक आर्थिक स्थिति तथा विगतमा जारी भई धितोपत्र विनिमय बजारमा धितोपत्रको कारोबार भएकोमा सो सम्बन्धि जानकारी समेत प्राप्त गर्ने अवसर प्रदान गरेको छ । सो निर्देशन बमोजिम संगठित संस्थाहरुले एक आर्थिक वर्षमा एकपटक मात्र हकप्रद शेयर निष्काशन गर्न सक्नेछ । तत्पश्चात हकप्रद शेयर निष्काशन गर्दा पछिल्लो पटक सार्वजनिक निष्काशन वा हकप्रद निष्काशन गरेको शेयरहरु धितोपत्र बजारमा सूचीकरण भएको मितिबाट १८० दिन पूरा भएको हुनुपर्नेछ । सो बमोजिम दोश्रो पटक हकप्रद शेयर निष्काशन गर्दा पछिल्लो पटक सार्वजनिक निष्काशन वा हकप्रद निष्काशन गरेको आर्थिक वर्षको लेखापरीक्षण गरी सम्बन्धित नियमन निकायबाट स्वीकृत प्राप्त गर्नुपर्ने भएमा सो गरेर वार्षिक साधारण सभाबाट पारित भएको हुनुपर्नेछ । हकप्रद शेयर निष्काशनको लागि तयार गरिने "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" मा हकप्रद शेयर जारी गर्नुको उद्देश्य, उठाईएको पुँजीलगानी सम्बन्धी योजना तथा उक्त लगानीबाट प्राप्त हुने प्रतिफल सम्बन्धी विवरण उल्लेख गरेको हुनुपर्ने, हकप्रद शेयर जारी गर्दा तोकिएको अनुपातलाई उचित मान्न सकिने आधारहरु र सोलाई पुष्ट्याई गर्ने संगठित संस्थाको वित्तीय स्थिती समेत उल्लेख गरेको हुनुपर्ने, विगत तथा आगामी ३ वर्षको नेटवर्थमा औसत प्रतिफल खुलाउनुपर्ने र निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल खुलाउनुपर्नेछ ।

# पाइप लाइनमा निष्काशन

सार्वजनिक निष्काशनका लागि नेपाल धितोपत्र बोर्डमा आवेदन दिई अनुमति प्रक्रियामा रु. ६ अर्ब ४७ करोड ७ लाख बराबरको धितोपत्रको निष्काशनका लागि आवेदन परेको छ । ४ वाणिज्य बैंक, १६ वित्त कम्पनी, एक ब्यापार कम्पनी, २ जलविद्युत कम्पनी, ६ विकास बैंक र २ बीमा कम्पनी गरी कुल ३ विभिन्न संगठित संस्थाहरु रहेका छन् । उक्त कम्पनीहरुले निष्काशन अनुमतिको प्रक्रियामा रहेको सार्वजनिक निष्काशन गर्न पाउँ भनी बोर्ड समक्ष निवेदन दिएका छन् ।

**साधारण सेयर (रु. करोडमा)**

| क्र.सं. | कम्पनी | क्षेत्र | निष्काशन रकम |
|---|---|---|---|
| १ | इन्भेष्टा फाइनान्स कं. लि. | वित्त | १.६० |
| २ | अरुणभ्याली हाइड्रो पावर डे कं. लि. | जलविद्युत | १२.०० |
| ३ | भिबोर विकास बैंक लि. | विकास बैंक | २६.५२ |
| ४ | चिलिमे हाइड्रो पावर कं. लि. | जलविद्युत | ७४.६० |
| ५ | मध्यमाञ्चल ग्रामिण विकास बैंक लि. | विकास बैंक | ३.०० |
| ६ | भ्याली फाइनान्स लि. | वित्त | २.२५ |
| ७ | मुक्तिनाथ विकास बैंक | विकास बैंक | १.४० |
| ८ | एपी फाइनान्स लि. | वित्त | १.८० |
| ९ | सिटिजन बैंक इन्टनेशनल लि. | वाणिज्य बैंक | ३०.०० |
| १० | प्राइम कमर्शियल बैंक लि. | वाणिज्य बैंक | ३०.०० |
| ११ | सनराइज बैंक लि. | वाणिज्य बैंक | ३७.५० |
| | | जम्मा | २२०.६७ |

**हकप्रद सेयर (रु. करोडमा)**

| क्र.सं. | कम्पनी | क्षेत्र | निष्काशन रकम |
|---|---|---|---|
| १ | जनरल फाइनान्स कं. लि. | वित्त | १.१० |
| २ | एलायन्स इन्स्योरेन्स कं. लि. | बीमा | ६.०० |
| ३ | इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंक लि. | विकास बैंक | २४.०० |
| ४ | युनिभर्शल फाइनान्स लि. | वित्त | ६.०२ |
| ५ | नेशनल लाइफ इन्स्योरेन्स कं. लि. | बीमा | १३.२० |
| ६ | सिद्धार्थ डेभलपमेन्ट बैंक लि. | विकास बैंक | ११.०० |
| ७ | इम्पेरियल फाइनान्स लि. | वित्त | ३.०० |
| ८ | पाटन फाइनान्स लि. | वित्त | ५.०० |
| ९ | मालिका विकास बैंक लि. | विकास बैंक | १५.०० |
| १० | नेपाल इन्भेष्टमेन्ट बैंक लि. | वाणिज्य बैंक | ८०.३० |
| ११ | स्टेण्डर्ड फाइनान्स लि. | वित्त | १४.५२ |
| १२ | वर्ल्ड मर्चेण्ट बैंकिङ एण्ड फा कं. लि. | वित्त | ७.२० |
| १३ | लुम्बिनी फाइनान्स एण्ड लिजिङ कं. लि. | वित्त | ४.५० |
| १४ | महालक्ष्मी फाइनान्स लि. | वित्त | ३२.०० |
| १५ | विरगंज फाइनान्स लि. | वित्त | ३२.७४ |
| १६ | हिमचुली विकास बैंक लि. | वित्त | ३१..१० |
| १७ | क्यापिटल मर्चेण्ट बैंकिङ एण्ड फा लि. | वित्त | ५२.०२ |
| १८ | बुटवल फाइनान्स लि. | वित्त | ३२.९५ |
| १९ | प्रिमियर फाइनान्स लि. | वित्त | ४.७५ |
| | | जम्मा | ३७६.४० |

**ऋणपत्र (रु. करोडमा)**

| क्र.सं. | कम्पनी | क्षेत्र | निष्काशन रकम |
|---|---|---|---|
| १ | साल्ट ट्रेडिङ कर्पोरेशन | ब्यापार | ५०.०० |
| | | जम्मा | ५०.०० |

# कारोबार स्थगन बारे नयाँ ब्यवस्था

बजार स्थायित्व, सुरक्षित एवं सहज कारोबारका लागि नेपाल स्टक एक्सचेन्ज लि. ले कारोबार स्थगन सम्बन्धमा नयाँ ब्यवस्था गरेको छ । सो नयाँ ब्यवस्था अनुसार कारोबार शुरु भएको पहिलो एक घण्टामा नेप्से परिसूचक ३ प्रतिशतले परिवर्तन भएमा १५ मिनेटका लागि कारोबार स्थगन गर्ने, यसरी स्थगन भएको कारोबार पुन खुलेपछि उक्त परिसूचकमा ४ प्रतिशतले परिवर्तन भएमा अर्को ३० मिनेटका लागि कारोबार स्थगन गर्ने, उक्त स्थगन पछि कारोबार पुन खुलेपछि परिसूचकमा ५ प्रतिशत परिवर्तन भएमा उक्त दिन बाँकी पुरै समयको कारोबार स्थगन गरिने भएको छ । यसअघि नेप्सेमा भएको परिवर्तनलाई बिन्दु वा अंकको आधार बनाएर कारोबार स्थगन गरिदै आएकोमा उक्त आधार स्थीर भई नेप्से परिसूचकमा परिवर्तन भए अनुसार समायोजन हुन नसक्ने भएकोले सो संसोधन गरिएको हो । कारोबार स्थगन बारे भएको संसोधनले परिसूचकको परिवर्तन अनुरुप प्रतिशतको आधारमा अंक पनि परिवर्तन भई कारोबार समेत गतिशिल हुदै जानेछ । यो ब्यवस्थाबाट कारोबारको तीब्र उतारचढाव नियन्त्रणमा आउने तथा कारोबार सञ्चालन सहज हुने अपेक्षा गरिएको छ ।

**नेपाल धितोपत्र बोर्डद्वारा प्रकाशित**
संरक्षकः डा. शूरवीर पौड्याल, सल्लाहकार सम्पादकः निरज गिरी, परिष्टनाथ पौड्याल, सम्पादकः गोपालकृष्ण आचार्य
कार्यालयः थापाथली, काठमाडौं, पो.ब.नं. ९०३१, फोन नं. ४२३०४०९, ४२४८३८१, फ्याक्सः ४२४६४३४, E-mail: sebo@ntc.net.np, Web: www.sebonp.com